नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

पत्र संख्या : २०८२।८४

सिंहदरबार, काठमाडौं

चलानी नं.: प्रेस नोट नं.: २

## प्रेस नोट

राष्ट्रिय योजना आयोग तथा नेपाल सरकारका विभिन्न मन्त्रालय, नेपालको लागि संयुक्त राष्ट्र संघको आवासीय प्रतिनिधिको कार्यालय तथा संयुक्त राष्ट्र संघका विभिन्न विशिष्टकृत निकायको सहभागितामा संयुक्त राष्ट्र संघ दिगो विकास सहकार्य ढाँचा (United Nations Sustainable Development Cooperation Framework) सम्बन्धी निर्देशक समितिको बैठक सम्पन्न भएको छ। बैठकको अध्यक्षता नेपालको तर्फबाट राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. गुणाकर भट्ट र संयुक्त राष्ट्र संघको तर्फबाट नेपालका लागि आवासीय प्रतिनिधि महामहिम लिला पिटर्स याहियाले संयुक्त रूपमा गर्नुभएको थियो।

नेपालको विकास र संवृद्धिको लागि संयुक्त राष्ट्र संघ र नेपाल सरकारबीच नतिजामुखी सहकार्यको महत्त्वमाथि प्रकाश पार्दै राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्टले आवधिक योजनाको कार्यान्वयन, दिगो विकास लक्ष्य प्राप्ति, अति कम विकसित मुलुकबाट दिगो स्तरोन्नतितर्फ अब बन्ने सहकार्य ढाँचा केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो। उहाँले सबै सरोकारवाला पक्षको सहभागिता र परामर्शमा सन् २०५० को लागि नेपालको सोचपत्र तर्जुमा गर्ने सम्बन्धमा प्रारम्भिक छलफल भइरहेको जानकारी गराउँदै सोको तर्जुमामा संयुक्त राष्ट्र संघ र यसका विशिष्टकृत संस्था लगायत नेपालको विकास साझेदारको महत्त्वपूर्ण भूमिका र योगदान रहने अपेक्षा रहेको स्पष्ट पार्नुभयो।

यसैगरी सन् २०३० सम्म दिगो विकास लक्ष्य प्राप्तिको लागि पाँच वर्षभन्दा कम समय बाँकी रहेको सन्दर्भमा उक्त लक्ष्य हासिल गर्न नेपाल सरकार र संयुक्त राष्ट्र संघ बीचको साझा महत्त्वाकाङ्क्षा र संयुक्त सघन प्रयासको आवश्यकता रहेको धारणा नेपालको लागि संयुक्त राष्ट्र संघको आवासीय प्रतिनिधि महामहिम लिला पिटर्स याहियाले राख्नुभयो। महामहिम याहियाले अब बन्ने सहकार्य ढाँचा नेपाल सरकारको नीति तथा राष्ट्रिय लक्ष्यसँग तादम्य हुनेगरी तर्जुमा गर्नुपर्ने बताउनु भयो।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सचिव श्री रविलाल पन्थले नेपालमा दिगो विकास लक्ष्य, जलवायु परिवर्तन र अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति लगायतका विषयमा नेपालले थप प्रगति हासिल गर्नका लागि राष्ट्रिय योजना आयोग र संयुक्त राष्ट्र संघबीच तथ्यमा आधारित नीति निर्माण, अध्ययन अनुसन्धान लगायतका क्षेत्रमा सहकार्य आदानप्रदान हुनु महत्त्वपूर्ण भएको बताउनु भयो। बैठकमा राष्ट्रिय योजना आयोगका सहसचिव श्री खोमराज कोइरालाले नेपालको विकास प्राथमिकताका सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो । त्यस्तै संयुक्त राष्ट्रसंघका विशिष्टिकृत नियोगका प्रतिनिधिहरूले हाल कार्यान्वयनमा रहेको United Nations Sustainable Development Cooperation Framework, २०२२-२७ मा भएको प्रगति र सन् २०२८-३२ को सहकार्य ढाँचाका लागि कार्य योजना सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

साथै, बैठकमा दिगो विकास लक्ष्य कार्यान्वयनका लागि पाँच वर्षभन्दा कम समय बाँकी रहेको तथा नेपाल अति कम विकसित मुलुकबाट स्तरोन्नति हुने चरण नजिकिँदै गरेको सन्दर्भमा विकास उपलब्धिहरूलाई संस्थागत गर्दै दिगो, उत्थानशील र समावेशी विकासका लागि सहकार्य विस्तार गर्नेसम्बन्धमा छलफल भएको थियो ।

मिति २०८३ साउन ११ गते सोमबार

(विष्णु प्र. सापकोटा)
कार्यक्रम निर्देशक एवम् सूचना अधिकारी